
# शिक्षा क्षेत्र योजना, २०८१-२०९०

# Education Sector Plan, 2025-2034

# गाउँ शिक्षा क्षेत्र योजना




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## सोनमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सोनमा, महोत्तरी, मधेश प्रदेश

## २०८१

CamScanner

## सोनमा गाउँपालिका शिक्षा योजना निर्माण कार्यदल

श्री इन्द्रजित यादव - संयोजक
श्री अशोक कुमार यादव - सदस्य
श्री सुनिल कुमार सिंह - सदस्य
श्री भविक्षण यादव - सदस्य
श्री अरुण कुमार यादव - सदस्य
श्री दिलिपकुमार यादव - सदस्य
श्री सिमा सिंह - सदस्य
श्री रामईश्वर यादव - सदस्य
श्री राज कुमारी साह - सदस्य
श्री कृति राज अधिकारी - सदस्य
श्री भरत यादव - सदस्य
श्री राज कुमार साह - सदस्य
श्री कौशल कुमार यादव - सदस्य सचिव

## शिक्षा योजना लेखन समिति

श्री कौशल कुमार यादव - संयोजक
श्री राज कुमार साह - सदस्य
श्री धर्मेन्द्र कुमार यादव - सदस्य
श्री भविक्षण यादव - सदस्य
श्री भरत यादव - सदस्य

## विशेष प्राविधिक सहयोगी

श्री धर्मेन्द्र कुमार यादव (शिक्षा सह-संयोजक) - प्राविधिक सहयोग

गा.पा. अध्यक्ष

CamScanner

प्रकाशकः- सोनमा गाउँपालिका, महोत्तरी
सर्वाधिकार प्रकाशकमा
प्रकाशन प्रति : १०००

मुद्रण

प्रमाणित मिति : २०८३ असार

प्रकाशन मिति : २०८३

अद्यावधिक : २०८३ असार १७ गते

**प्राविधिक सहयोग**

पिपल प्रोमोट सेन्टर (पि.पि.सि.), धनुषा

गुणस्तरिय सिकाइका लागि स्थानीय तह तथा विद्यालयहरुको क्षमता अभिवृद्धि कार्यक्रम

# हाम्रो भनाइ

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ । यसै गरी नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा यसलाइ कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकारलाई कानुनले अङ्गिकार गरेको व्यवहोरालाई आत्मसात गर्दै "सभ्य, सुशिक्षित, प्रविधिज्ञ, कृषि र रोजगारमुखी युवा पुस्ता, सुखी र समृद्ध समाजको रूपान्तरणमा अग्रगामी सोनमा" को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरुरी देखिएको छ ।

सन् १९७० देखि राष्ट्रिय स्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता परिपूर्ति गर्न कठिनाई भई रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रित योजनाको रुपमा निर्माण गर्न शुरुवात गरेसँगै स्थानीय तहमा स्थानीय शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा अन्य तहका सरकार नीति, योजनालाइ स्थानीयकरण गरेको छ। यस सन्दर्भमा यस गाउँपालिका ले पनि १० बर्षे शिक्षा स्थानीय योजना र यसैगरी हरेक विद्यालयले विद्यालय सुधार योजना बनाइ विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता बिषयमा सुधारका रणनीतिहरु मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तरीय पहुँच पुग्राउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका सबै अवसरहरु प्रत्याभूति दिनका लागि यो १० बर्षे शिक्षा स्थानीय योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुँच स्थापित गरी दक्ष, सकारात्मक साँच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले सोनामा गाउँपालिकाले यो शिक्षा योजना निर्माण गरेको हो। यस क्षेत्रको बहु पहिचानलाइ स्वीकार गर्दै शैक्षिक अवस्था विश्लेषण सहित तयार पारिएको यस योजना निर्माणमा सहयोग तथा तदारूकता देखाउनु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, शिक्षा शाखा प्रमुखज्यू, सरोकारवालाज्यूहरू, पिपिसिका कर्मचारीहरू लगायत यस गाउँपालिकाका सम्पूर्ण कमर्चारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानिय शिक्षाविद, विज्ञ टोलीलगायत यस योजनालाई मूर्त रूप दिन खोज, अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्नहुने लेखन समूह टोली, प्रधानाध्यापक, शिक्षक लगायतका सम्पूर्ण सरोकारवालाहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा, यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनका लागि सबैको सहयोगको पनि अपेक्षा पनि गर्दछु । धन्यावाद !

..............................

विशेश्वर प्रसाद यादव

गाउँपालिका अध्यक्ष

CamScanner

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवालाहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुर्याउँछ।

सोनमा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि बिभिन्न योजना तथा कार्यक्रमहरु द्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयार गर्नका लागि आर्थिक सहयोग गर्नुहुने सोनमा गाउँपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने पिपल प्रोमोट सेन्टर (पि.पि.सि.) धुनषा- गुणस्तरिय सिकाइका लागि स्थानीय तह तथा विद्यालयहरुको क्षमता अभिवृद्धि कार्यक्रम प्रति धन्यवाद व्यक्त गर्दछौं।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह सुझाव प्रदान गरी सहयोग पुर्याउने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

..........................

राज कुमार साह
शिक्षा शाखा प्रमुख
सोनमा गाउँपालिका

CamScanner

# विषयसूची


योजनाको सारांश ........ १

विषय प्रवेशः ........ १

सोनामा गाँउपालिकामा योजना निर्माणको औचित्य ........ २

सोनामा गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार ........ २

योजनाको लेखाजोखा ........ ३

परिच्छेद १ ........ ६

परिचय ........ ६

१.१ पृष्ठभूमि ........ 6

१.२ पालिकाको समग्र सन्दर्भ ........ 7

१.२ पालिकाको शैक्षिक सन्दर्भ ........ 11

१.३ शिक्षा क्षेत्रको योजना ........ 17

१.४ दिगो विकास लक्षहरू ........ 18

१.५ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ........ 19

१.६ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू ........ 21

१.७ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ........ 21

परिच्छेद दुई ........ २४

दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य ........ २४

२.१ परिचय ........ 24

२.२ दीर्घकालीन सोच (Vision) ........ 24

२.३ ध्येय (Mission) ........ 25

२.४ उद्देश्यहरू (Objectives) ........ 25

२.५ रणनीतिहरू ( Strategies) ........ 25

२.६ अपेक्षित मुख्य उपलब्धि ........ 26

२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) ........ 27


CamScanner

राष्ट्रिय ....................................................................................................२७

परिच्छेद ३ :.......................................................................................................३२

विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू..........................................................................३२

परिचय.......................................................................................................... 32

३.१ प्रारम्भिक बालविकास र शिक्षा........................................................................ 32

३.२ आधारभूत शिक्षा.......................................................................................... 36

३.३ माध्यमिक शिक्षा ..........................................................................................४१

३.४ प्राविधिक शिक्षा तथा व्यावासायिक तालिम........................................................ 47

३.४.१ वर्तमान अवस्थाः ...................................................................................... 47

३.४.२ उद्देश्यः.................................................................................................. 47

३.४.३ रणनीतिः................................................................................................. 47

३.४.४ प्रमुख उपलब्धि तथा नतिजाः ........................................................................ 48

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः .......................................................... 49

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ............................................................... 50

परिच्छेद ४ .........................................................................................................५५

अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू..........................................................................५५

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन............................................. 55

४.२ शिक्षक व्यवस्थापन र विकास.......................................................................... 59

४.३ शैक्षिक समता र समावेशीकरण........................................................................ 64

४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम................................................... 67

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा.................................................. 72

४.६ विद्यालय भौतिक पूर्वाधार विकास...................................................................... 76

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि................................................................ 79

परिच्छेद ५ .........................................................................................................८२

सुशासन तथा व्यवस्थापन......................................................................................... 82

परिचय.................................................................................................................. 82

५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........................................................... 83

परिच्छेद ६ ........................................................................................................८७
लगानी र स्रोत व्यवस्थापन ........................................................................................८७
परिचय.................................................................................................................. 87
विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........................................................................९०
परिच्छेद ७ ........................................................................................................९१
अनुगमन तथा मूल्याङ्कन ........................................................................................९१
परिचय.................................................................................................................. 91
सन्दर्भ सामग्रीहरु ..................................................................................................९५
अनुसूची १ ........................................................................................................९६
स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा ........................................................................९६

CamScanner

## योजनाको सारांश

नेपालले गुणस्तरीय शिक्षाका लागि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अन्तर्गत संघीय, प्रदेश, र स्थानीय तहले विभिन्न क्रियाकलाप संचालन गरेका छन् । यस योजनाले विशेषगरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्ने, शिक्षामा समावेशीकरण प्रवर्द्धन गर्ने, र शिक्षाका लागि दिगो पूर्वाधार विकास गर्ने उद्देश्य राखेको छ ।

शिक्षा नीति तथा कार्ययोजना कार्यान्वयनमा प्रादेशिक शिक्षा सुधार पहल र स्थानीय तहका शिक्षा कार्यालयहरूलाई सक्रिय बनाइएको छ । यस क्रममा शिक्षाका लागि विभिन्न स्रोत परिचालन गरी स्थानीय शिक्षा योजना (LESP) तयार गर्न तथा लागू गर्न जोड दिइएको छ ।

यसका साथै शिक्षा क्षेत्रमा डिजिटल प्रविधि, बालमैत्री पूर्वाधार निर्माण, र दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न विशेष ध्यान दिइएको छ । संघीय सरकार र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा शिक्षामा गुणस्तर सुधार गर्न थुप्रै कार्यक्रमहरू सञ्चालन गरीएका छन् ।

सारांशमा, नेपालको शिक्षा क्षेत्रमा सुधारका लागि दिगो विकास लक्ष्य अन्तरगत सन् २०३० सम्म शिक्षा नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । गुणस्तरीय, समावेशी, र लचिलो शिक्षाका लागि ठोस कदम चालिएको छ ।

**विषय प्रवेशः**

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरी प्राप्त सफलताहरूलाई उजागर गर्दै, शिक्षा क्षेत्रमा गुणस्तर, पहुँच, समावेशिता, र दिगोपन सुनिश्चित गर्नका लागि शिक्षा अभियानको नयाँ अवधारणा प्रस्तुत गरिएको छ । नेपालका विश्वविद्यालय तहका शिक्षाका सुधारका लागि विश्वविद्यालय शिक्षा क्षेत्र अभियान सञ्चालनमा रहेको छ । त्यसैगरी, प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको अभियानलाई थप सशक्त बनाउन काम भइरहेको छ ।

स्थानीय तहमा पनि बालमैत्री तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय संरचनाहरू सक्रिय रूपमा कार्य गरीराखेका छन् । समग्रमा, शिक्षा प्रणालीमा रहेका चुनौतीहरूलाई समाधान गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यले यस अभियानलाई व्यवस्थित रूपले अगाडि बढाइएको छ ।

नेपालको शिक्षा प्रणाली, विद्यालय शिक्षा क्षेत्र, सामुदायिक र निजी शिक्षाका कार्यक्रमहरू, शिक्षक व्यवस्थापन, पाठ्यक्रम सुधार, तथा शैक्षिक पुनर्संरचनाको आवश्यकताले प्रेरित भएर स्थानीय स्थानीयतहमा शिक्षा अभियान सञ्चालनमा आएको हो । शिक्षा क्षेत्रमा गुणस्तर सुधार, पहुँच विस्तार, र समावेशिता सुनिश्चित गर्न, स्थानीय स्थानीय तहका शिक्षा योजनाहरूलाई प्रभावकारी बनाउँदै लैजाने उद्देश्यले स्थानीय सरकार, सरोकारवाला निकाय, र शिक्षासँग सम्वन्धित सामाजिक संस्थाहरूको

सहकार्यमा अभियान अघि बढाइएको छ ! ... अभियानले शिक्षामा रहेका चुनौतीहरू समाधान गर्दै गुणस्तरमा सुधार, सहभागिता र दिगोपनका सिद्धान्त हरूको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालको शिक्षा क्षेत्र योजना (Education Sector Plan) कार्यान्वयनको महत्वपुर्ण कडीको रूपमा स्थानीय तहका योजना र कार्यक्रमहरूलाई सहजीकरण गर्दै, शैक्षिक संरचनाको पुनर्संरचना, शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम अनुकूलन, र विद्यार्थी केन्दित बनाइएका छ ।

यस अभियानले शिक्षामा नवप्रवर्तन, दीगो विकासका लक्ष्यहरूसँग मिल्ने शैक्षिक उपलब्धिहरू, संस्थागत गर्न योगदान पुऱ्याएको छ । त्यसैले, स्थानीय तहमा यस अभियानको निरन्तरताका लागि सहकार्य, अनुगमन, र मूल्याङ्कनलाई व्यवस्थित रूपमा अघि बढाउनु पर्ने देखिन्छ ।

**सोनामा गाँउपालिकामा योजना निर्माणको औचित्य**

१. स्थानीय तहमा लागु गरीने शिक्षाको व्यवस्थापन Vertical/Horizontal प्रणालीमा आधारित स्पष्ट गर्न ।
२. स्थानीय र प्रादेशिक तहमा हुने कार्यहरूलाई शिक्षामा प्रभावकारी रुपमा समावेश गर्न अनुगमन, समीक्षा र प्रयोगात्मक कार्यान्वयन सुनिश्चित गर्न ।
३. कार्यान्वयन र अनुगमन प्रक्रियामा देखिएका समस्या, चुनौतीहरू, र उपलब्धिहरूलाई विश्लेषण गर्दै सुधारको लागि सिफारिस गर्न ।
४. समावेशी शिक्षामा सुधार नीति, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्न ।
५. शिक्षाको गुणस्तर सुधार गर्न राष्ट्रिय र स्थानीय स्तरमा परिणाममुखी कार्यहरू अघि बढाउन ।
६. गाउँपालिकाका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा एवं निशुल्क माध्यमिक शीक्षा सुनिस्चित गर्न

**सोनामा गाँउपालिकामा शिक्षा योजना निर्माणका आधार**

यस गाँउपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ निमार्ण गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री तथा विज्ञहरुको सल्लाह सुझाव लिई शिक्षा योजना निर्माण गरिएको हो ।

- नेपालको संबिधान, २०७२
- सोहौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

- अनिवार्य तथा निःशुलुक शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- मधेश प्रदेश शिक्षा नीति, २०८१
- विद्यालय सधुार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

**योजनाको लेखाजोखा**

शिक्षा योजना निमार्ण पश्चात यसको विश्वसनीयता, वस्तुनिष्ठ दिगोपन र आर्थीक लगानी योग्य छ कि छैन भनेर यस गाउँपालिका भित्र तथा बाहिरका विभिन्न शाखा तथा उप शा शाखा हरु सँगको समन्वय गरी यसको राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरुको सहि विश्लेष्ण गरी लेखाजोखा गरिएको जसमा सोनामा गाँउपालिको तपसिलका पक्षहरुलाई सहभागिता हुने गरी योजनाको् लेखाजोखा गरेको छ ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा हभागिता (Leadership and participation) | योजना निर्माणमा सोनामा गाउँपालिकाले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । गाउँ शिक्षा समितिकै नेतृत्वमा गाउँ शिक्षा योजना तयार परिएको छ। |
| २ | प्रयाप्ता तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समावेश गरिएको रणनिति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी ESP Toolkit मा सम्पुर्ण सुचनाहरु भरेको सोही औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkits आधारित प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था |

| | | |
|---|---|---|
| | | महिला पुरुषको मुद्धहरुलाई सम्बोधन गर्न कार्यक्रम समाबेश गरिएको छ। |
| ४ | अन्तर सम्बन्ध (coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विद्यालय सुधार योजना, शिक्षक सुधार योजनासंग पनि अन्तर सम्बन्ध मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनामा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषयबीच अन्तर सम्बन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्ष्ति बर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समाबेश गरिएको छ । |
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको Toolkit लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि Toolkit ले गरेको तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य कार्यदललाई दिएको छ साथै पालिका प्रमुख, उपप्रमुख तथा प्रमख प्रशासकिय अधिकृत र अन्य शाखाका प्रमुखहरु तथा सहयोग संस्था समिलित संयुक्त अनुगमन ( Joint Monitoring) समिती गर्ने ब्यवस्था योजनामा गरिएको छ । |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० वर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार सोनमा गाउँपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्ने आफ्नो

पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीयतहको पुनःसंरचनाको लागि गठन गरेको उच्चस्तरीय आयोगले २०७३ पुस २२ गते मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको तराईमा रहेको जिल्लाहरुमध्ये संघीय गणतन्त्र नेपालको मधेश प्रदेश मा अवस्थित महोत्तरी आर्थिक, सामाजिक, साँस्कृतिक एवं पूर्वाधार विकासको दृष्टिकोणबाट सक्षम तथा विकसित रहेकोछ । यस जिल्लाको पूर्वमा धनुषा, पश्चिममा सर्लाही, उत्तरमा सिन्धुली र दक्षिणका मित्रराष्ट्र भारत पर्दछ । त्यसैले तराइकोको फाँट उत्तरी भेगमा रहेको जंगल, खोल्सा, खोल्सी, खोंच र बेसी तथा अन्य प्राकृतिक सम्पदाहरुले भरिएको यो जिल्ला रणनीतिक हिसाबले महत्वपूर्ण छ ।



CamScanner

२०७३ सालमा गठित स्थानीय तह पुनःसंरचना आयोगले गरेको सिफारिस बमोजिम महोत्तरी जिल्लामा १५ वटा स्थानीय तह कायम भई कार्यान्वयनमा रहेका छन् । ती तहहरुमा जलेश्वर, बर्दिवास, गौशाला, लोहारपट्टी, रामगोपालपुर, मनरा सिसवा, मटिहानी, भंगहा, बलवा र औरही नगरपालिका तथा एकडारा, सोनमा, सम्सी, महोत्तरी र पिपरा गाउँपालिका कायम भएकाछन् । सोनमा गाउँपालिका मधेश प्रदेश महोत्तरी जिल्लाको सबैभन्दा दक्षिण पश्चिममा अवस्थित गाउँपालिका हो । यहाँको तापक्रम सामान्यतया अधिकतम ४२ सेन्टिग्रेड र न्यूनतम तापक्रम १२ सेन्टिग्रेड भएको तराइको क्षेत्र हो । जहाँ भारतको सीतामढी जिल्ला तथा विहार राज्यसँग सीमाना जोडिएको छ । साविक ४ वटा गा.वि.स. को भागलाई समेटि सोनमा गाउँपालिका भनि घोषणा गरिएको थियो । महोत्तरी जिल्लाको पश्चिम-दक्षिणमा अवस्थित ५७.७७ वर्ग कि.मि. क्षेत्रफल रहेको सोनमा गाउँपालिका साविकका सोनमा, रघुनाथपुर, खैरबनी, सुन्दरपुर गा.वि.स.लाई समायोजन गरी गठन गरिएको हो। यो गाउँपालिका आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक हिसाबले बिकट गाउँपालिकाको रुपमा चिनिन्छ । साविकको ४ वटा गा.वि.स. लाई समायोजन तथा विभाजन गरी जम्मा हालको ८ वटा वडा मार्फत् नागरिकहरुलाई सेवा सुविधा प्रदान गरिएको छ । यस गाउँपालिकाको जम्मा जनसंख्या २०७८ को अनुसार ४३,०४२ रहेको छ ।

### १.२.१ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप

### १.२.१.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

सोनमा गाउँपालिका मधेश प्रदेश महोत्तरी जिल्लाको सबैभन्दा दक्षिण पश्चिममा अवस्थित गाउँपालिका हो । यहाँको तापक्रम सामान्यतया अधिकतम ४२ सेन्टिग्रेड र न्यूनतम तापक्रम १२ सेन्टिग्रेड भएको तराइको क्षेत्र हो । जहाँ भारतको सीतामढी जिल्ला तथा विहार राज्यसँग सीमाना जोडिएको छ । साविक ४ वटा गा.वि.स. को भागलाई समेटि सोनमा गाउँपालिका भनि घोषणा गरिएको थियो । महोत्तरी जिल्लाको पश्चिम-दक्षिणमा अवस्थित ५७.७७ वर्ग कि.मि. क्षेत्रफल रहेको सोनमा गाउँपालिका साविकका सोनमा, रघुनाथपुर, खैरबनी, सुन्दरपुर गा.वि.स.लाई समायोजन गरी गठन गरिएको हो। यो गाउँपालिका आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक हिसाबले बिकट गाउँपालिकाको रुपमा चिनिन्छ । साविकको ४ वटा गा.वि.स. लाई समायोजन तथा विभाजन गरी जम्मा हालको ८ वटा वडा मार्फत् नागरिकहरुलाई सेवा सुविधा प्रदान गरिएको छ । सोनमा गाउँपालिकाको कुल जनसंख्या ४३,०८२ रहेको जसमा पुरुषको संख्या ५०.९% र महिलाको संख्या ४९.१% रहेको छ।

किशोरी प्रसाद यादव
गा.पा. अध्यक्ष

### १.२.३.२ भौगोलिक अवस्था



CamScanner

भौगोलिक स्वरुप : (भूवनावट, भिरालोपन, मैदान आदि)

अक्षांश :- २०००३८'२२'० उत्तरदेखि २००० ३८'५४'३०") सम्म

देशान्तर :- ८५००४८'००" पूर्वदेखि ८६००००'३५" सम्म

५७.७७ वर्ग कि.मि.

सम्सी गाउँपालिका/सर्लाही जिल्ला

गौशाला नगरपालिका/भारत

उष्ण/४८७.६ मि.मि.

अधिकतम ४२० सेल्सियस/न्यूनतम १२० सेल्सियस

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै सोनमा गाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ।

सोनामा गाउँपालिकाको कुल जनसंख्या ४३,०८२ रहेको छ, जसमा पुरुषको संख्या ५०.९% र महिलाको संख्या ४९.१% रहेको छ। यहाँको लैंगिक अनुपात १०३.६० छ, जसअनुसार प्रत्येक १०० महिलामा १०३.६० पुरुष रहेका छन्। जनसंख्या घनत्व ७४६ प्रति वर्ग किलोमिटर रहेको छ, भने कुल घरधुरी संख्या ७,६०२ छ।

शिक्षाको अवस्थामा हेर्दा, सोनामा गाउँपालिकाको कुल साक्षरता दर ५६.१% मात्र रहेको छ। पुरुष साक्षरता दर ६५.१% रहेको छ भने महिलाको साक्षरता दर ४७.०% मात्र रहेको छ। यसले शिक्षा क्षेत्रमा अझै सुधार आवश्यक रहेको देखाउँछ, विशेषगरी महिलाहरूको शिक्षामा जोड दिन आवश्यक छ। लैंगिक असमानता हटाई शिक्षाको पहुँच सबैका लागि समान बनाउन उचित नीतिहरू आवश्यक छन्, जसले समग्र रूपमा समाजको आर्थिक तथा सामाजिक उन्नति गर्न मद्दत पुऱ्याउनेछ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

सोनमा गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ यादव, मुसहर, मुस्लिम, कोइरी, तेली, धानुक, चमार, तत्मा, बिन, केवट, मल्लाह, बरइ, ब्राम्हण, मगर, कलवार, खत्वे, क्षेत्री, सुडी, हलुवाई, हजाम लगायत ४१ प्रकारका जातजातिहरु बसोबास गरिरहेका छन् । यहाँ मैथिली ९२.५ र अन्य ७.२ मातृभाषाहरु बोलिन्छन् । यो स्थानीय तहमा हिन्दू ३७८०३ जना, र मुस्लिम ५२६८ बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, छठ, होली, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बृहविशेषताहरु



CamScanner

बीचमा एकीकरण भएको अवस्था छ । अनेकता बीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भाव सहिष्णुता, मेलमिलाप कायम भएको छ। त्यसैले सामाजिक सद्भाव सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

## प्रमुख जातजातीहरू

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| यादव | १९३१४ | ४४.८ |
| मुस्लिम | ५१०० | ११.८ |
| तेली | १८७७ | ४.४ |
| चमार/हरिजन/राम | १५९९ | ३.७ |
| नुनिया | १३७९ | ३.२ |
| कोइरी/कुशवाहा | १२७५ | ३ |
| कुर्मी | १०४९ | २.४ |
| कानु | ९५३ | २.२ |
| धानुक | ८७६ | २ |
| लोहार | ८४८ | २ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## भाषागत जनसंख्या

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मैथिली | ३९८५७ | ९२.५ |
| मगही | २५०४ | ५.८ |
| उर्दु | ५३९ | १.३ |
| हिन्दी | ८५ | ०.२ |
| नेपाली | ४७ | ०.१ |
| अन्य | २० | ०.०२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

**प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | ३७८०३ | ८७.७ |
| इस्लाम | ५२६८ | १२.२ |
| अन्य | ११ | ०.१ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## १.२ पालिकाको शैक्षिक सन्दर्भ

## १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं नि:शुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छ्वि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।



CamScanner


### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.२.३ शिक्षाको संरचनाः

Organogram Educational Structure in Nepal



| | ECED/PPC | Lower Basic | Upper Basic | Secondary (9-10) | Secondary (11-12) | Higher Education |
|---|---|---|---|---|---|---|
| | Level of Education | | | | | |

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## पालिकाको शैक्षिक सन्दर्भ

सोनमा गाउँपालिकाको शिक्षाको अवस्थामा हेर्दा, सोनामा गाउँपालिकाको कुल साक्षरता दर ५६.१% मात्र रहेको छ। पुरुष साक्षरता दर ६५.१% रहेको छ भने महिलाको साक्षरता दर ४७.०% मात्र रहेको छ।



CamScanner

## १.२.४ विद्यालय सङ्ख्या

| विद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाई | CLC | अन्य | इकाईगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ECED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका विद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ४० | ५ | ० | ५ | १ | ५ | १ | २ | १ | ० | ४ | ० | २ | २६ | १० | २६ | ६ | २ | ६ | २६ | ० | ० | १६ | ४ | ४ | २ |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ४० | १ | ० | ३ | १ | ५ | १ | १ | १ | ० | ४ | ० | २ | १९ | ९ | १९ | ६ | २ | ६ | १९ | ० | ० | १० | ३ | ४ | २ |
| समुदायिक शुन्य दरवन्दी भएका विद्यालय | ० | ० | ० | २ | ० | ० | ० | १ | १ | ० | ४ | ० | ० | ८ | ६ | ८ | ४ | ० | ४ | ८ | ० | ० | २ | २ | ४ | ० |
| सामुदयिक विशेष विद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदयिक धार्मिक विद्यालयको सङ्ख्या | २ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | २ | ० | ० | २ | ० | ० | ० |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० |

## १.२.५ विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

### क) कक्षा गत र तहगत जम्मा विद्यार्थी

| विद्यार्थी बिबरण (Students details) | ECED (4 years) | | | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ५८६ | ७२४ | १३१० | ३०६४ | ३०१५ | ६०७९ | १५१० | १३२० | २८३० | ७१९ | ६७१ | १३९० | ९१ | ७५ | १६६ | ४५७४ | ४३३५ | ८९०९ | ८१० | ७४६ | १५५६ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ५२९ | ६४० | | २९३९ | २७९४ | ५७३३ | १५०२ | १२८५ | २७८७ | ७१७ | ६७१ | १३८८ | ११ | १८ | २९ | ४४४१ | ४०७९ | ८५२० | ७२८ | ६८९ | १४१७ |

ख) कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा बिद्यार्थी

| बिद्यार्थी बिबरण | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ३८३ | ३८९ | ७७२ | १६४ | १५३ | ३१७ | ८१ | ७६ | १५७ | ० | ३ | ३ | ५४७ | ५४२ | १०८९ | ८१ | ७९ | १६० |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ३८१ | ३८२ | ७६३ | १६४ | १५१ | ३१५ | ८१ | ७६ | १५७ | ० | ३ | ३ | ५४५ | ५३३ | १०७८ | ८१ | ७९ | १६० |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ४ | ० | ४ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ० | ० | ० |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ४ | ० | ४ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ० | ० | ० |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ७० | ७६ | १४६ | ५६ | ३९ | ९५ | १८ | १५ | ३३ | ० | १ | १ | १२६ | ११५ | २४१ | १८ | १६ | ३४ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ७० | ७५ | १४५ | ५६ | ३९ | ९५ | १८ | १५ | ३३ | ० | १ | १ | १२६ | ११४ | २४० | १८ | १६ | ३४ |



विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

## १.२.६ शिक्षक सङ्ख्या र प्रबिति

विद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types)

| विद्यालय तह | ECED | | | Lower Basic (G1-5) | | | Upper Basic (G 6-8) | | | Secondary (G 9-10) | | | Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ४२ | ४ | ४६ | २२ | ५८ | ८० | ६ | १५ | २१ | ० | १७ | १७ | ० | ४ | ४ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३९ | ० | ३९ | १७ | ५६ | ७३ | १ | १० | ११ | ० | १७ | १७ | ० | ४ | ४ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ४० | ० | ४० | १७ | ५६ | ७३ | १ | १० | ११ | ० | १७ | १७ | ० | ४ | ४ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | | | | | | | | | | ० | १७ | १७ | ० | ४ | ४ |

## १.२.७ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रविति विश्लेषण

| सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR):- | २०८१/८२ |
|---|---|
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | २५ |
| आधारभूततह (कक्षा १-५) | ७९ |
| आधारभूततह (कक्षा ६-८) | २५३ |
| आधारभूत (कक्षा १-८) | १०६ |
| माध्यमिकतह (कक्षा ९-१०) | ८२ |
| माध्यमिकतह (कक्षा ११-१२) | ६८ |
| माध्यमिक विद्यालय (कक्षा ९-१२) | ७९ |

विशेश्वर प्रसाद साह
गा.पा. अध्यक्ष

## १.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सुनिश्चितता ढाँचा

अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आवश्यकता देखिएको छ ।

## १.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहस्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आवद्ध हुने गरी शिक्षा,

विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

## १.५ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु सोनमा गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्:

१. प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
२. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
३. बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउँन।
५. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।



CamScanner

६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।

७. व्यवहार कुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।

८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।

९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

१०. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

११. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

१२. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

१३. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

१४. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

१५. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१७. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१८. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१९. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

२०. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

२१. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

२२. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.६ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

विद्यालय शिक्षा क्षेत्रका अवसरहरु माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन्:

१. विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
२. शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
३. दीगो विकासको लक्ष्य प्रसिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको। सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
४. शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

## १.७ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस गाउँपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो गाउँ शिक्षा समितिको बैठक गरी शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र पालिकाको शिक्षा क्षेत्रमा पारेको सकरातमक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको थियो । जस अनुसार मिति २०८१/०५/९ गते बसेको बैठक बाट १३ सदस्यीय शिक्षा योजना संशोधन कार्यदल गठन भई कार्य अगाडि बढेको छ । जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

१. गाँउकार्यपालिका स्तरीय बैठक
२. योजना निर्माण कार्यदल गठन तथा परिचालन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण गर्न ESP Toolkit अद्यावधिक र विश्लेषण
४. योजना निर्माण कार्यदलका पदाधिकारीहरुको लागि ३ दिने आवाशीय क्षमता अभिवृद्धि तथा योजना मस्यौदा तयारी कार्यशाला संचालन



CamScanner

५. गाउ-टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता, सङ्घसस्था लगायत विभिन्न सरकारी, गैरसरकारी सङ्घसंस्था आदिके भेलामा छलफल गरी सुझाव संकलन ।

६. योजनाको मस्यौदा तयार ।

७. गाउँ शिक्षा समितिद्वारा मस्यौदागाउँ शिक्षा योजनामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण ।

८. गाउँ शिक्षा समितिद्वारा योजनाको अन्तिम मस्यौदा तयार ।

९. गाउँ शिक्षा समितिद्वारा गाउँ शिक्षा योजनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश

१०. कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यन ।

### १.७.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्:

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

# परिच्छेद दुई

# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्वन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन , राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (वि. सं. २०८१-२०९०) तयार गरिएको छ।

यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

"सभ्य, सुशिक्षित, प्रविधिज्ञ, कृषि र रोजगारमुखी युवा पुस्ता, सुखी र समृद्ध समाजको रूपान्तरणमा अग्रगामी सोनमा।"



CamScanner

## २.३ ध्येय (Mission)

"सर्वसुलभ, गुणस्तरीय, प्रविधि-सक्षम तथा सीपमूलक शिक्षाको प्रवर्द्धन गर्दै सभ्य, सुशिक्षित, कृषि र रोजगारमुखी युवा पुस्ता निर्माण गर्नुका साथै समृद्ध समाजको आधारशीला तयार पार्ने।"

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

६. विद्यालयलाई भय, विभेद र दुव्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीतिहरू (Strategies)

१. सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा र विकासको अबसर सुनिश्चित गर्न गाउँपालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा बाल विकास केन्द्र व्यवस्थापन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन प्रभावकारी नीतिगत व्यवस्था बालमैत्री वातावरण विद्यालयको भौतिक पूर्वाधारको विकास अभिभावकसचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

३. माध्यमिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कयन जस्तापक्षहरुमा जोड दिने।

किशोर प्रसाद यादव
गा.पा. अध्यक्ष

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ताजोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

१०. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

११. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन् २०३०) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू स्थानीय कला,

६. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

७. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

८. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वन्चित भएको अवस्था नहुने ।

९. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यनाव्यनका समस्या तथा चुनौतिहरु सम्बोधन गरि आवश्यकतामा आधारित योजना निर्माण भएको हुने ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छ

| क.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर• (%) | स्थानीय | ६१.१ | ६९.९ | ८०.१ | ९१.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका• (%) | स्थानीय | ४८.३ | ५८ | ६९.७ | ८३.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.0 | ८५.० | ९५.0 | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६७.४ | ७६.६० | ८७ | ९८.८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११४.८ | १०९.५ | १०५.४ | १०४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर• (%) | स्थानीय | ९१.५ | ९३.७ | ९७.२ | ९९.१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर• (%) | स्थानीय | १११.६ | १०८.३ | १०६.४ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | | स्थानीय | ३९.६ | ४५.५ | ६९.१ | ९१.३ | | |



विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर• (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर• (%) | स्थानीय | १२१ | ११६ | ११० | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर• (%) | स्थानीय | ८१.९ | ८२.७ | ८४.२ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर• (%) | स्थानीय | ७४.२ | ७८.७ | ८६.५ | ९०.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका• (%) | स्थानीय | २०.० | १५.८ | १२.४ | १०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क• | स्थानीय | १.०८ | १.०६ | १.०४ | १.०२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर• (%) | स्थानीय | ८२.४ | ८६.७ | ९४.८ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ९७.२ | ९४.४ | ९८.३ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर• (%) | स्थानीय | ६५.४ | ६९.१ | ७४.९ | ८०.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर•(%) | स्थानीय | ५१.३ | ६२.४ | ७७.३ | ८९.०३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक• | स्थानीय | १.१२ | १.०८ | १.०३ | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा — नेपाली भाषा | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

बिजेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७.७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका• (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या•(%) | | स्थानीय | २७.५ | ३७.० | ४३.७ | ५०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर• (%) | | स्थानीय | २२.६ | ३०.८ | ४१.४ | ५४.४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | | | स्थानीय | ३९.५ | ४६.८ | ५५.९ | ६६.८ | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर• (%) | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक• (कक्षा ९-१२) | स्थानीय | १.०५ | १.०३ | १.०२ | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर• (%) | स्थानीय | १७.९ | २४.२८ | ४२.२० | ६०.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ४७.१ | ४९.९ | ५७.५ | ६४.२ | ८०.३ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | १४ | १६.५ | १९.४ | २६.८ | ३२.४ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या• (%) | स्थानीय | ० | ५ | १५ | २७ | ३३ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ४५.३ | ५७.९२ | ६५.१८ | ७३.०२ | ९३.०५ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५५.१ | ६७.६५ | ७१.७२ | ८९.०२ | ९५ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ७३.० | ८०.०२ | ८८.०७ | ९३.०२ | ९९ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.५८ | ०.६१ | ०.६८ | ०.७० | ०.८० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ७९:१ | ६०:१ | ४५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २५३:१ | १८५:१ | १००:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | | स्थानीय | १०६:१ | ७५:१ | ५०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ८२:१ | ६०:१ | ४०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ७९:१ | ६०:१ | ४०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | शिक्षामा लगानी | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट•(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

विश्वेश्वर प्रसाद यादव
न.पा. अध्यक्ष

# परिच्छेद ३ :
# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

**परिचय**

यस शिक्षा क्षेत्रको योजना सन् २०८१-२०९० का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षअर्थात् सन् २०८१-२०८५ का लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा रअनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तरविषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरेको छ, साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चारलन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमसञ्चालनगरिने व्यवस्था नेपालको नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख



CamScanner

भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर सोनमा गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

सोनमा गाउँपालिकामा हाल ४१/४२ वटा बालविकास केन्द्रहरू सन्चालनमा रहेका छन् । सबै ४० वटा सामुदायिक बिद्यालयमा संचालनमा छन् ।०-४ वर्ष उमेरको कूल जनसंख्या ४६०७ रहेको यस पालिकामा १३१० जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ४८.३ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.९८ प्रतिशत रहेको छ। विद्यार्थी र शिक्षकको अनुपात १:३१ रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरु १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये कक्षा ८ उतिर्ण २ जना, एस्.एल्.सी. योग्यता भएका १९ जना, प्र वीणता प्रमाणपत्र तह योग्यता भएका १५ जना र स्नातक योग्यता भएका ३ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता देखिएपनि गाउँपालिकाले मासिक रु. ७५०० रुपमा प्रदान गर्दै आएको छ भने गा. पा. बाट समय समयमा पुनर्ताजगी तालिम दिने गरिएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्ने।
२. तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउने ।
३. सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकास र क्षमता विकास गर्ने।
४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने

### ३.१.३ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
२. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
३. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.४ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।*

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ :

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
२. माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।
३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमश कार्यक्रम ल्याइनेछ।
४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार , समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।
५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक बर्ष २ पटक अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
६. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
७. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
८. नमुना बालविकास केन्द्रहरु स्थापना गर्ने ।
९. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।
१०. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु बाल ,उद्यानको व्यवस्थापन गर्ने ।
११. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क. उपलब्धि

*योजनाको कार्यान्वयनबाट निम्नलिखित मुख्य उपलब्धिहरु*

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

#### ख. नतिजा

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| कसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ९१८ | ९१८ | ९५० | १००० | ११०० | १२०० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ५ | ५ | १० | १५ | २५ | ४० |
| ३ | वालविकासको अनुभव सहित कक्षा १ मा भर्ना दर | ४८.३ | ५८.१ | ६५ | ७० | ७७ | ८३ |

### ३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ अनुसार मापदण्ड पुरा( पहिलो संसोधन २०७५) | केन्द्र | ० | ० | १ | ० | १ | २ | ५ | प्रदेश/गाउँ पालिका |
| २ | प्रारम्भिक वालाविकास तथा शिक्षा कार्यक्रमको नक्सांकन र पुनर्वितरण | पटक | | | १ | | १ | २ | २ | गाउँपालिका |
| ३ | पोषणयुक्त दिवाखाजाको व्यवस्था | केन्द्र | ४० | ४० | ४० | ४० | ४० | ४० | | संघ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सिकाइ क्रियाकलाप सहजिकरणमा मातृभाषाको प्रयोग | केन्द्र | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | विद्यालय |
| ६ | स. का. को क्षमता विकास र वृति विकास | पटक | ० | १० | १० | १० | १० | ४० | ४० | प्रदेश/गाउँपालिका |
| ७ | प्रारम्भिक वालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय सरोकारवाला |
| ८ | ELDS report card को प्रयोग गर्ने | पटक | | | १ | १ | १ | १ | ४ | प्रदेश/गाउँपालिका |
| ९ | हरेक बाल बिकास केन्द्रमा आयाको ब्यबस्था गर्ने | | | १ | ५ | ५ | ५ | ५ | २० | |
| १० | अपांगता मैत्री कक्षा कोठा सुधार | बा.बि.के | | | ३ | ५ | १० | १८ | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमाव्यवस्थित र गुणस्तरीय बनाउनका लागि सोनमागाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरिआगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

सोनमा गाउँपालिका भित्र हाल कक्षा १-५ सञ्चालित १६ (सामुदायिक-८, मदर्शा-२ र निजी ६) र कक्षा ६-८ सञ्चालित ४ (सामुदायिक-३ र निजि-१) विद्यालयहरू गरी जम्मा आधारभूत विद्यालयहरूको संख्या २० रहेको छ। आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १- ५ मा ३०६४ प्रतिशत ५०.४ छात्रा र ३०१५

प्रतिशत ४९.५९ छात्र, कक्षा ६-८ मा १५१० जना ५३.३२ प्रतिशत छात्रा र १३२० जना ४६.६४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमाछात्राको प्रतिशत तुलनात्मक रुपमा खासै फरक देखिदैन। वर्तमान अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी पर्याप्त नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अभ्यास अधिक विद्यालयमा भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। कक्षा १-८ मा भने खुद भर्नादर ८२.४ प्रतिशत कुल भर्नादर ९७.२ रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले शिक्षा लिएको देखिन्छ।

**चुनौती**

आधारभूत शिक्षामा देखिएका विद्ध्मान चुनौतिहरु

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुच तथा सहभागिता सुनिशचित गर्ने ।
२. सिकाइको गुणस्तर अभिवृद्धि गरि विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
३. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपांग मैत्री, वाल मैत्री बनाउने ।
४. विद्यालय व्यस्थापन तथा जन सहभागितामा परिवार, समुदाय गैर सरकारी संघ-संस्था निजि क्षेत्र र विद्यालयहरुलाई जिम्वेवार बनाउने ।
५. सुचना ताथा संचार प्रविधि दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्ने

### ३.२.३ उद्देश्य

*आधारभूत शिक्षासँग सम्बन्धित निम्नलिखित उद्देश्यहरु*

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामुलक र सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत तहको शिक्षामा पठन शिपको अभिवृद्धि गर्नु ।
३. विद्यार्थीको सिकाइ उपलब्धिराष्ट्रिय औसत उपलब्धि बराबर बनाउने ।
४. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु ।

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।

४. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आवासीय सुविधा आदि कार्यक्रमसञ्चालन गर्ने।

५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।

६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।

७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।

८. शिक्षकले कक्षाकोठामा विताउने समयकार्याविधि कार्यान्वयनमा ल्याइने छ।

९. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।

१०. छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका विद्यालयहरुलाई आगामी ३ बर्ष भित्र कक्षाकोठा ब्यबस्थापनकालागि आबश्यक वजेट ब्यबस्थापन गरी पूर्ण गरीने।

११. स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता र सो को अभिलेखिकरण गरीने ।

१२. विद्यार्थी सिकाइ स्तरको पहिचानकालागि पालिकास्तरीय कक्षा कोठामा आधारित पठन सीप परिक्षण (सिविएग्रा) सन्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम।

१३. प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पठनशिप पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने।

१४. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्यांकन नसँग सम्बन्धित क्षमता विकास गरिनेछ।

१५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।

१६. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।

१७. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६को कार्यान्वयन गरीने।

१८. आधारभूत तहको स्थानीय पाठ्यक्रमको परिमार्जनर विकास तथा प्रयोगमा जोड दिइने छ। १९. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।

२०. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।

२. स्थानीय सरकारले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।

४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप,संकट तथा महामारीलगायतका परिस्थितिप्रति सचेत बनाउने।

५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।

६. जनशक्तिको क्षमता विकास गर्दैं आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | ६१६५८२ | ६१६५/८२ | ६९२०/८२ | ७४२८/८२ | ७८००/८२ | ८२२५/८२ |
| २ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ५ | ५ | १२ | १४ | १६ | २० |

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | | | २ | ३ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पनरावलोकन | पटक | | १ | १ | | | २ | ३ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै वालवालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९७.२ | ९८ | १०० | १०० | १०० | | १०० | गाउँपालिका |
| ४ | कक्षा १- ५ सम्मका वालाबालिका लागी भाषिक पठन शिप विकासकालागी शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामाग्रीहरु सहित छापामय कक्षाकोठा व्यवस्थापन गर्ने | विद्यालय | ० | ४ | ४ | ४ | ४ | १६ | २० | गाउँपालिका |
| ५ | छापामय कक्षा कोठा व्यवस्थापन नभएका कक्षा १-३ सम्मका विद्यालाहरुलाइ छापामय कक्षाकोठा व्यवस्थापन गर्ने | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० | गाउँपालिका |
| ६ | विद्यालयमा अपांगता मैत्री कक्षा कोठा र बसाईव्यवस्था | संख्या | | | ५ | ५ | ८ | १८ | २५ | संघ/प्रदेश/गाउँपालिका |
| ७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यानव्यन | कक्षा | | ५ | ८ | | | | | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट, तथा योजना तैयारी माहामारी लगायातका प्रस्थिति प्रती योजना तैयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश/गाउँपालिका |
| ९ | सुचना तथा संचार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | प्रदेश/गाउँपालिका |
| १० | विद्यालय पोषण स्वास्थ्य कार्यक्रम तथा दिवावा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ११ | अपांगता भएका विद्यार्थीलाई सहायक सामग्री सहयोग | निरंतर | | | ५ | ५ | ५ | ५ | २५ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | निः शुल्क शिक्षाको सुनिश्चितता का लागी विद्यार्थीलाइ पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १० ० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रुपमा बिपन्नको लागी ड्रेस, स्टेसनरी वितरण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | गाउँप ालि का |
| १४ | शिक्षक पेशागत विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँप ालि का |
| १५ | सिकाइ सामाग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | गाउँप ालि का |
| १६ | विद्यार्थी उपस्थिति दर उच्च भएका बिघालय लाई बिद्यार्थी प्रोत्साहन सहयोग गर्ने | बिद्यालय | | | १६ | १६ | १६ | १६ | १६ | |
| १७ | व्यबहारिक अभ्यासमा आधारित परिक्षा संचालन गर्ने {कक्षा ४-८} | बिद्यालय | | | १६ | १६ | १६ | १६ | १६ | |
| १८ | सुचना तथा प्रविधिको प्रयोगशाला स्थापना गर्ने | | | | २ | ३ | ५ | ६ | १६ | |
| १९ | मातृभाषा र बहुभाषिक शिक्षण सहयोग | बिधालय | | | १ | २ | ३ | ६ | | |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानमा उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा



CamScanner

विभिन्न किसिमका प्राविधिक तथा व्यवसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। सोनमागाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

सोनमा गाउँपालिका भित्र हाल कक्षा १० संचालित सञ्चालित ४ (सामुदायिक-४, निजी-०), कक्षा १२ सम्म सञ्चालित २ मात्र सामुदायिक गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ६ वटा रहेको छ, जसमध्ये १ विद्यालयमा प्राविधिक धार अन्तर्गत कृषि विषयको पठन पाठन शैक्षिक सत्र २०७८ बाट शुरुभएको छ। माध्यमिक तह कक्षाको ९-१२ को खुद भर्ना दर २२.६ र कूल भर्नादर ३९.५ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१२ मा ४८.२५ प्रतिशत छात्रा र ५१.७४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिसक समता सूचक कक्षा ९-१२ को १.०५ र र शिक्षक विद्यार्थी अनुपात ७९:१ रहेको छ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने ।
८. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्यातउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चाकलन गर्नु।

### ३.३.३ रणनीति



CamScanner

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरीनेछ।

२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ।

३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ।

५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।

६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरीनेछ।

७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।

८. एउटा सामुदायिक विद्यालय को कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनकालागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ।

९. आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।

१०. एक वटा माध्यमिक विद्यालयलाई कक्षा १ बाट नै सञ्चारलित गरी नमुना माध्यमिक विद्यालयको रुपमा विकास गरीनेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

क) उपलब्धि

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

ख) नतिजा

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्यानिउने दरमा कमी आउने।

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।

३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।

४. मध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।

५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।

६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरीयोग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने।

७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

८. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।



CamScanner

नतिजा

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | १६६२ | १६६२ | १८२० | १९०५ | १९९७ | २०३८ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | २७२ | २७२ | ३०७ | ३४५ | ३८८ | ३९७ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | ० | ० | ० | ० | ० | ० |

## ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाको कार्यानाव्यनका लागि आवश्यक कार्यविधि तैयारी | पटक | | | | १ | | १ | २ | गाउँपालिका |
| २ | विद्यालय नक्शांकन पुनर्वितरण तथा समायोजन | पटक | | | | १ | | २ | ४ | गौन्पलिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | | | | १ | | | १ | संघ/प्रदेश/गाउँपा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | लिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार (भौतिक र शैक्षिक) | संख्या | | | १ | १ | १ | १ | १ | संघ/प्रदेश/गाउँपालिका |
| ७ | सुचना तथा संचार प्राविधिको प्रयोगमा क्षमता विकास | संख्या | | | १ | १ | १ | १ | २ | संघ/प्रदेश/गाउँपालिका |
| ८ | विद्यालय पोषण स्वास्थ्य कार्यक्रम | पतिशत | | १० | १५ | १५ | | | ४५ | संघ/प्रदेश/गाउँपालिका |
| ९ | क्षमतामा आधारित प्राधानाध्यापक नियुक्ति र परिचालन | संख्या | | २ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

विश्वेश्वर प्रसाद पौडेल
गा.पा. अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | १ | १ | १ | ४ | ८ | गाउँपालिका |
| ११ | निः शुल्क शिक्षाको सुनिश्चितताको लागी विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १२ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस,स्टेसनरी वितरण | जना | ५ | ५ | ४० | ४० | ४० | ४० | १७० | गाउँपालिका |
| १३ | पुस्तकालय संचालन | थप संख्या | | १ | १ | १ | १ | १ | ५ | गाउपालिका |
| १४ | सिकाइ सामाग्री व्यवस्थापन (माबि) | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | 'गाउँपालिका |
| १५ | प्रयोगशाला स्थापना र व्यवस्थापन | थप विद्यालय | ४ | १ | १ | १ | | ७ | | |
| १६ | व्यवहारिक अभ्यासमा आधारित परिक्षा संचालन गर्ने {कक्षा ९-१२} | विद्यालय | ६ | ६ | ७ | ७ | ७ | ७ | | |
| १७ | STEAM education and Innovation support | विद्यालय | | | १ | १ | १ | ३ | | |
| १८ | Internship program support facilitation | विद्यार्थी | | | ६ | १२ | १२ | ३० | | |
| १९ | अपांगता मैत्री कक्षा कोठा व्यवस्थापन | | | २ | ३ | ३ | ८ | | | |
| २० | बालिकाहरु लाइ करियर परामर्श र सहजीकरण | बिधालय | | | १ | २ | ३ | ६ | | |

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

शिक्षाले गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरीनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमहरु संचालन गरीरहेको छ र अहिले यस गाउँपालिकामा कुनै किसिमको प्राविधिक धारका विद्यालय हरु नभएका कारण यहाँका बालबालिकाहरु प्राविधिक शिक्षाबाट बन्चित भएका छन् र कतिले महँगो रकम तिरी अन्य ठाउँमा गएका पनि छन् । यसका लागि यस गाउँपालिकाबाट पहल गरी आउने शैक्षिक सत्र देखि प्राविधिक तथा व्यावसायिक तालिम शुरु हुने गरी पहल गर्नु पर्ने देखिन्छ ।

### ३.४.१ वर्तमान अवस्था:

यस सोनामा गाउँपालिकामा हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालनमा रहेका कुनै पनि विद्यालय नरहेको हुँदा आगामी दिनहरूमा यस्ता विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार तथा स्रोतहरूको व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ३.४.२ उद्देश्य:

- प्राविधिक धारको विद्यालयहरु को स्थापना गरी स्थानीय तहका इच्छुक नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अवसर सुनिस्चित गर्नु ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्ति लागि स्थानीय स्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसरहरु उपलब्ध गर्नु ।

### ३.४.३ रणनीति:

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर गाउँपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- थप विद्यालयमा समेत प्राविधिक धार संचालन गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा श्रोत परिचालन गरी सक्षम जनशक्ति तयार गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारवालहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

- आयआर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, गाँउपालिका निजि क्षेत्रसंग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

**प्रमुख अपेक्षित उपलब्धिहरुः**

- आगामी शैक्षिक सत्र २०८२ मा कम्तिमा पनि एउटा बहुप्राविधिक शिक्षालयको स्थापना र संचालन गर्ने ।
- प्रत्येक आर्थिक वर्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका कम्तिमा ५० जना जनशक्ति उत्पादन गर्ने र ती मध्ये कम्तिमा पनि ५० प्रतिशतलाई रोजगारी वा स्वरोजगरिको अवसर सुनिस्चित गर्ने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | ० | १ | ० | १ | २ |
| २ | प्रत्येक आर्थिक वर्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्ति संख्या | | ० | २५ | ३० | ३५ | ४० |
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्तिमध्ये रोजगारी वा स्वरोजगरिको अवसर अवसर प्राप्त गरेका युवाहरुको प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० |

किशोर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य वर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिद्यार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | पटक | | १ | १ | १ | १ | ५ | गाउँ पालिका |
| २. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन अनुदान | विद्यालय | ० | २५०,०००० | २५०,०००० | २५०,०००० | ३५०००० | ६००००० | प्रदेश र गाउँपालिका |
| ३. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० | संघ/प्रदेश/ गाउँपालिका |
| ४. | आय आर्जन खालका क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | १० | संघ/प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को लागि संघ, प्रदेश, गाँउपालिका निजि क्षेत्र संग समन्वय बैठक | | | | | | | | गाउँपालिका |
| ५ | सिप नक्सांकन | पटक | | | १ | | | १ | |
| ६ | सिप विकास तालिम (व्यवसायिक र प्राबिधिक शिप ) | पटक | | | १ | २ | ३ | ६ | |
| ७ | प्राबिधिक धारको बिद्यालयमा बिषय थप | बिषय | | १ | २ | ३ | | ३ | |
| ८ | रोजगार सरोकारवाला संङ्ग अन्तरक्रिया | पटक | | | १ | १ | १ | ३ | |
| ९ | बालिका इन्टरनशिप | बालिका संख्या | | | ५ | १० | १५ | ३० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित

प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिकर अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.५.१ वर्तमान अवस्था

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रमसञ्चीलन भएको तथा उक्त कार्यक्रम पश्चानत् २०६२ सालदेखि पालिका भरमा ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चाजलनमा आएका छन्। जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन्। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।

२. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चारलन।

३. मौलिक तथा परम्परागत सस्कृतिकोपहिचान, संरक्षण प्रवर्धन।

४. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।

६. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास

७. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने।

८. सहजकर्ताको क्षमता विकास।

### ३.५.२ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ : १. साक्षर सोनमाको रूपमा विकास गर्नु।

२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।

३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने।

### ३.५.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :



CamScanner

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।

२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चाकलनगरीनेछ।

४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजमुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञलन मौनेछ ।

५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।

६. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिनेछ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) उपलब्धि

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

ख) प्रमुख नतिजाहरू

१. साक्षर सोनमाको रुपमा विकास हुने।

२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।

३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चा लन हुने।

४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।

५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।

६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।



CamScanner

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।*

*उदाहरणका लागि*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) * (%) | ४५.३ | ४५.३ | ४९.९२ | ५५.१६ | ६७.०४ | ७५.०२ |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | ० | ० | १ | ० | १ | २ |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ० | ० | १ | | १ | २ |

## ३.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | ० | १ | १ | | | २ | २ | गाउँपालिका |
| २ | साक्षर सोनमा कक्षा संचालन (शिक्षक,विधार्थी,स्थानीय राजनीतिकर्मी,शिक्षा प्रेमी को सहकार्यमा ) | वडा | | | ८ | | | ८ | | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकता को अधारमा ससि..के. संचालन र व्यवस्थापन | संख्या | | | ४ | | ४ | ८ | ४ | गाउँपालिका |
| ४ | सामुदायिक सिकाइ केन्द्र संचालन गर्ने | सासिके | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | गाउँपालिका |
| ५ | सा..सि.के. मा सुचना प्रविधिको विकास गर्ने | संख्या | | | १ | २ | ३ | ६ | ६ | सा.सि.के |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघसस्थासँग सहकार्य गर्ने | सासिके | | | २ | ३ | १ | ६ | ६ | सा.सि.के |
| ७ | सिप बिकास तालिम सन्चालन गर्ने | संख्या | | | २५ | २५ | २५ | ७५ | ५०० | सा.सि.के |
| ८ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | २ | ४ | गाउँपालिका |
| ९ | बैकल्पिक कक्षा संचालन | संख्या | | | ५० | २०० | २०० | ४५० | | |
| १० | राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि स्वीकृत गर्ने | पटक | | | १ | | | १ | १ | |
| ११ | राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि गर्ने समिति गठन र अभिमुखीकरण | पटक | | | १ | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि अनुसार योग्यता प्रमाणीकरण गर्ने | पटक | | | १ | २ | २ | ५ | १० | |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

**परिचय**

समान्य जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान सीप र क्षमता आर्यनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानिसका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन समकालीन समाजका वास्तविकता, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकार सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धि हरुका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चितदिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो। पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति समूहसँगको सहकार्य आवश्यक हुन्। पाठ्यक्रम निश्चितरुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। मानिसको चाहना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा को वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पी पाठ्यक्रम समावेशी हुनु। यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुप। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कथा तहमा कुनकुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ताक्षमता विकास गराउने हो अर्थात् किन पढाउने केकस्ता क्रियाकलापका माध्यबाट अपेक्षितसक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको या नसिकेको सुनिश्चित गरि आवश्यक प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो। मूल्याकन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पतन सीप परिक्षण आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ। साथै सन्दर्भ सामग्रीहरुमा विद्यार्थीहरुको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था बस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १ का लागि दिइएका सामाग्री आदि रहेका छन्।

### ४.१.१ वर्तमान अवस्था

सोनमा गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माण को थालनी गर्ने र अर्को वर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत गर्न बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कयनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ। आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कयन प्रणाली मार्फत उदार कक्षोन्ननति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कनन बिधि अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कनन अपनाएइको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्यान्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरु:

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासक लागि क्षमता विकास।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
३. स्थानीय पाठ्यक्रम विकास गर्ने र अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने
४. सिकाइ सहजीकरण र मूल्याङ्कानमा सूचना प्रविधिको प्रयोग।

५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण अगुवाई।

६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।

७. स्थानीय पाठ्यक्रम कार्यान्वयन र ब्यबहारिक मूल्यांकन।

८. कक्षा १-३ मा पठनसीपसम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु अवसरको रुपमा रहेका छन।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथामूल्याङ्कअनसम्बन्धी निम्नलिखित उद्देश्यहरू

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध सोनमा निर्माणका लागि सक्षम सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।

३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४.१.३ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध सोनमा निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कननमा आधारित बनाइने छ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरिने छ।

३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाईदै लगिने छ।

४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।

५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ ।

६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेललिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
८. आधारभुत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाइ विश्वसनीयता सुधार गरीनेछ ।

### ४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्किन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने।

ख) नतिजा

१. स्थानीय पाठ्यक्रम २०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय
३. भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
४. शिक्षण सिकाइको अभिन्नव अङ्ग को रुपमा मूल्याङ्कन हुने।
५. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
६. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
७. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङकानका लागि अनिवार्य कार्य सन्चयिका फायल खडा भएको हुने ।

### ४.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम विकास कार्यशाला | पटक | | १ | | १ | | २ | २ | गाउँपालिका |
| २ | स्थानीय पाठ्यक्रम बिकास र स्वीकृति | पटक | | | १ | १ | | २ | ३ | गाउँपालिका |
| ३ | पाठ्यक्रम र पाठ्यसामग्री छपाई | पटक | | | १ | १ | १ | ३ | ८ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पाठ्यक्रम प्रयोग र शिक्षण तालिम संचालन | पटक | | | १ | १ | १ | ३ | ५ | गाउँपालिका |
| ५ | | संख्या | | १ | | | १ | २ | ४ | गाउँपालिका |
| ६ | पाठ्यपुस्तक खरिद र वितरण अनुदान | जना | | | १०००० | १०००० | १०००० | | ३०००० | सा.सि.के. |
| ७ | सिकाई सामग्री निर्माणतालिम | संख्या | | | ५० | ५० | ५० | १५० | १७५ | सा.सि.के. |
| ८ | स्तरीकृत् परीक्षा संचालन र मूल्यांकन तालिम | संख्या | | | ७२ | ७२ | ३६ | १४४ | १७५ | सा.सि.के. |
| ९ | परीक्षा संचालनको समिक्षा कार्यशाला | पटक | | १ | १ | १ | १ | ४ | ९ | गाउँपालिका |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कशनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि, दक्ष, शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच , गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना परियोजनातथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम संचालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमाविकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग



CamScanner

प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस सोनमा गाउँपालिकाले कार्यक्रमका उद्देश्य उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्था

#### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहलेविद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

#### शिक्षक तयारी

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिवद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम बी. एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्तिले मात्र शिक्षकका लागि

योग्य हुन्छ। शिक्षा ऐन २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शाखबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी. एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चा लन भने शिक्षक सेवा आयोगले गर्दै आएको छा

## शिक्षण सिकाइ क्रियाकलाप

कुनै पनि विषयवस्तु विद्यार्थीसमक्ष पुर्याधउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चागलनगरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित • प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

## शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली, २०५९को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिकाको सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ७९:१ कक्षा ६-८ मा २५३:१, कक्षा ९-१० मा ८२:१ कक्षा ११-१२ मा ६८:१ रहेको छ। अधिकांश विद्यालयमा

आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्रा.वि. तहको शिक्षकको आवश्यकतालाई बाल विकास सहजकर्ता र विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस गाउँपालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन्ः

१ शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।

२. शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।

३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।

५ शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।

६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।

७ तहगत रुपमा परीक्षा सञ्चा लनगरी अग्रिम रुपमास्वयंसेवक सूची प्रकाशन गर्नु।

### ४.२.२ उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्ः

१ शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्याउनु।

२ शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।

३ सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।

४. पालिका अन्तर्गत स्वयम् सेवकक शिक्षकको छनोट गर्नु।

५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास ।

### ४.२.३ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।

२ विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ।

३ शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चारलन गरिने छ।

४ शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।

५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।

६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।

७ शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ

८. ५ वर्ष सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम. फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।

### ४.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

ख) नतिजा

१. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्ष करार सुची प्रकाशन गरिनेछ।

२. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।

३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।

४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने।

५ क्षमतावान् तथा मेधावी शिक्षकले एम. फिल. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

### ४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति - स्वयम् सेवक शिक्षक तयारी | संख्या | | ३५ | १५ | १० | १० | ७० | ५० | गाउँपालिका |
| २ | गाउँपालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | | | | | १ | १ | गाउँपालिका |
| ३ | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम संचालन | पटक | | | २ | २ | २ | ६ | २० | संघ/प्रदेश/ गाउँपालिका |
| ४ | आपतकालिन अवस्थामा शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | | १ | | | | १ | गाउँपालिका |
| ५ | उपचारात्मक शिक्षण पद्धति | निरन्तर | | १ | १ | १ | १ | ४ | निरन्तर | विद्यालय |
| ६ | त्रैमासिक विषयगत कार्यशाला | पटक | | १ | ३ | ४ | ४ | १२ | सबै विद्यालयमा | संघ/प्रदेश/ गाउँपालिका |
| ७ | कार्यमूलकअनुसन्धान अनुदान | संख्या | | | ३ | ६ | ७ | १६ | सबै विद्यालयमा | संघ/प्रदेश/ गाउँपालिका |
| ८ | शिक्षक पेशागत सहयोग पद्धति संचालन निर्देशिका स्वीकृति | निरन्तर | | | १ | | | १ | १ | संघ/प्रदेश/ गाउँपालिका |
| ९ | शिक्षक पेशागत सहयोग विषयगत सहजीकरण मार्गदर्शन | पटक | | | २ | २ | | ४ | ६ | गाउँ पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास र प्रयोग (भाषा, गणित, बिज्ञान, सामाजिक) | | | | | | | | | |
| १० | पेशागत शैक्षिक अवलोकन भ्रमण | पटक | | १ | २ | २ | २ | ७ | १५ | गाउँ पालिका |
| ११ | छोटो अवधिको पुनर्ताजगी तालिम संचालन गर्ने | पटक | | | १ | १ | २ | ४ | १० | गाउँ पालिका |
| | | | | | | | | | | |
| १३ | प्रअ, शिक्षक, बिव्यस, र शिक्षा शाखा बिच कार्यसम्पादन सम्झौता गर्ने । | पटक | | १ | १ | १ | १ | १ | सबै विद्यालय | |
| १४ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरवन्दी व्यवस्थापन गर्ने | पटक | | १ | १ | १ | १ | ४ | आवश्यकतानुसार | संघ/प्रदेश/ गाउँपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

### ४.३.१ वर्तमान अवस्था

सोनमा गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको मुख्य बसोबास रहेको यस क्षेत्रमा ४१ प्रकारका जातजातिहरुको बसोबास रहेको छ । जसमा यादव, मुसहर, तेली, कोइरी, चमार, धानुक, कानु, सुडी, मुसलमान, थारु, मलाह, तत्मा, सुढी, बरे, बिन, ब्राह्मण, क्षेत्री लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ। शिक्षाको अवस्थामा हेर्दा, सोनामा गाउँपालिकाको कुल साक्षरता दर ५६.१% मात्र रहेको छ। पुरुष साक्षरता दर ६५.१% रहेको छ भने महिलाको साक्षरता दर ४७.०% मात्र रहेको छ। यसले शिक्षा क्षेत्रमा अझै सुधार आवश्यक रहेको देखाउँछ, विशेषगरी महिलाहरूको शिक्षामा जोड दिन आवश्यक देखिन्छ ।

आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक १.०८ , माध्यमिक तह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक रहेको छ। यसैगरि सामुदायिक विद्यालयमा महिला शिक्षक आधारभूत तह (कक्षा १-८) मा महिला शिक्षकको २७.७ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा शिक्षा प्रणालीको व्यवस्थापनमा स्थानीय तह र समुदायको सक्रियता महत्वपूर्ण छ । गाउँपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, र सामाजिक परीक्षण समितिहरूमा महिला र दलितको सहभागिता रहेको छ जसले नीति निर्माणदेखि कार्यान्वयन सम्म समावेशी दृष्टिकोणलाई प्रवर्द्धन गरेको छ । विशेष रूपमा, सामाजिक परीक्षण समितिले शिक्षाको गुणस्तर र पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ

। यद्यपि थप सुधारका लागि प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रदेखि माध्यमिक तहसम्म लैङ्गिक अनुपातलाई सन्तुलित गर्न, विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि विद्यालयहरूको संख्या वृद्धि गर्न, र महिलाहरूको नेतृत्वसहित दलितहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्न पहल आवश्यक छ । यस प्रक्रियामा समुदाय र सरोकारवालाहरूबीच सहकार्यलाई थप सुदृढ गर्दै शिक्षाको गुणस्तर र समावेशीकरणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

१. लैङ्गिक मूलप्रवाहीकरणमा बालिका तथा महिलाको सहभागिता सुनिस्चित गर्नु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्याउने।
४. विद्यालयमा विभेदरहित बालमैत्री वातावरण बनाउने ।

### ४.३.२ उद्देश्य

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित पालिकाका उद्देश्यहरु

१. शिक्षाको मूल धारबाट वञ्चिरत रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ।
४. बालिकाको नियमितता वृद्धि गर्ने र महिला शिक्षकको संख्या वृद्धि गर्ने ।

### ४.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
९. शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।

३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।

४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।

५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।

६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।

७. महिला शिक्षकको संख्यामा वृद्धि हुने छ ।

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

*तालिका पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समावेशीकरणको अवस्था र आवश्यकता लेखाजोखा गर्ने | पटक | | १ | १ | १ | १ | ४ | ४ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | १ | ३ | ५ | गाउँपालिका |
| ३ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने | निरन्तर | | | | | | | निरन्तर | विद्यालय |
| ४ | वर्गीय आधारमा छात्रवृत्ति वितरण निरन्तर | निरन्तर | | | | | | | निरन्तर | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | निरन्तर | विद्यालय |
| ६ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | २ | ४ | ४ | ५ | १५ | ४० | संघ/प्रदेश/गाउँपालिका |
| ७ | हरित विद्यालय | संख्या | | १ | २ | ३ | ४ | १० | २५ | संघ/प्रदेश/गाउँपालिका |
| ८ | गुनासो सुनुवाई समिति गठन गर्ने र परिचालन | विद्यालय | | १८ | १८ | १८ | १८ | १८ | १८ | संघ/प्रदेश/गाउँपालिका |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | | १ | १ | १ | ३ | १० | संघ/प्रदेश/गाउँपालिका |

## ४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

नेपालमा सन् १९७४ देखि नौ वटा फोकस जिल्लामा छानिएका प्राथमिक विद्यालयमा विश्वाकार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदाविक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आईरहेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको सोह्रौ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरुमा दिवा खाजालाई स्वास्थ्य प्राथमिकता दिइएको भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

### विद्यालय स्थास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरुको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवरुवा राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण अर्थ वार्षिक रुपमा जुकाको औषधि,किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वस्थयमा सकारात्मक प्रभाव पर्ने स्पष्ट भएको ले यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ ।

### ४.३.१ वर्तमान अवस्था

नेपाल सरकारबाट बिद्यालय दिवा खाजा कार्यक्रम आ.व. २०७५/०७६ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात यस पालिकाका कक्षा १-५ सञ्चालित सबै सामुदायिक विद्यालय मार्फत ६०७९ विद्यार्थी लाभान्वित भएका छन | , साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्णरुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने ।

सामुदायिक विद्यालयमा शौचालय भएका विद्यालयहरु १९ र महिला शिक्षक शौचालय ३ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १८ रहेको छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखिनै विषयवस्तु समावेश गरिएको छ।

दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चनौतीहरू पहिचान गरीएको छ

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।

२. सबै विद्यालयमा नर्सको व्यवस्था गर्ने।

३. विद्यालय खाजाका लागि उपयुक्त स्वरुप निर्धारण गरी पौष्टिकक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।

६. स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.३.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वास्थ्य तथा पौष्टिक खाजाको सुनिश्चितता गर्नु

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु

३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.३.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी यही विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।

२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने।

३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार किट प्रदान गर्ने

४. अभिभावक समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने

५. सरसफाइका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

### ४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७, नवप्रवर्द्धक प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।

२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स परिचालन गर्ने ।

३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।

४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।

५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।

६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-८ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | | ५ | ७ | १२ | ११ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | | ५ | ५ | ५ | ३ | १ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | | ५ | १० | १९ | १९ | १९ |
| | | | | | | | |

## ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | | १ | १ | १ | १ | ४ | | गाउँपालिका |
| २ | स्वास्थ्य तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | संख्या | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | निरन्तर | गाउँपालिका |
| ३ | एक विद्यालय एक स्वास्थ्यकर्मी | संख्या | | १ | २ | २ | १ | ६ | सबै सामुदायिक विद्यालय | संघ/प्रदेश/गाउँपालिका |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त शुद्ध पिउने पानी, सावुन तथा सफाइ | विद्यालय | | १ | ५ | ७ | ६ | १८ | सबै सामुदायिक विद्यालय | संघ/प्रदेश/गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | | | | | | | | |
| ५ | कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | जना | ५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | सबै सामुदायिक विद्यालय | संघ/प्रदेश/गाउँपालिका |
| ६ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय ( बेलैमा पहिचान) | विद्यालय संख्या | | १९ | १९ | १९ | १९ | १९ | सबै सामुदायिक विद्यालय | संघ/प्रदेश/गाउँपालिका |
| ७ | विद्यालयलाई प्राथमिक User Manual समेतको प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | संख्या | | ३ | ५ | ५ | ६ | १९ | सबै विद्यालयमा | संघ/प्रदेश/गाउँपालिका |
| ८ | पाठ्यक्रममा किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य शिक्षा | कक्षा | | कक्षा (६-८) | कक्षा (६-१०) | कक्षा (६-१२) | कक्षा (६-१२) | कक्षा (६-१२) | सबै विद्यालयमा | विद्यालय |
| ९ | स्तनपान कक्ष ब्यवस्थापन | विद्यालय | | ५ | ८ | ५ | | १८ | १८ | |



विश्वेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध द्वन्द्व महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति परिवार तथा समुदायको जीवन रक्षा प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा लाई (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) समावेश गर्ने गरेका छन्। विशेषतलामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव :२०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड हरूकालगायतका महामारी १९- प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलततीन प्रकारका आपतकालीन अवस्थाहरु समावेश गरिएको छ :

क) प्राकृतिक प्रकोप : भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ खडेरी दुर्घटना आदि।

ख) महामारी : झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला स्वाइन फ्लू, कोभिड, आदि सरूवा रोगहरू।

ग) युद्ध द्वन्द्व विस्थापन आन्तरिक तथा बाह्य :युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक धार्मिक राजनीतिक आदि द्वन्द्व युद्ध शोषण दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन आन्तरिक तथा बाह्य स्थानान्तरण का कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्नेन।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चिसत गरेको छ। मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चिसत गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथाटोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षणसिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ। विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ। परिस्थितिजन्य शिक्षाका चुनौतीहरूः

१. आपतकालीन अवस्थाको शिक्षालाई द्रुत निरन्तरताको सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
३. संकटको क्षेत्र पहिचान गर्नु।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. आपत्कालिन् अवस्थामा शिक्षाका सबै सेवाहरु छिटो भन्दा छिटो नियमित गर्ने।

### ४.५.२ उद्देश्य

*आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

१. संकटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गरि आपत्कालिन अवस्थामा शिक्षाको सेवा निरन्तरता दिने ।

२. सूचना तथा संञ्चार प्रविधिको प्रयोगले आपत्कालिन समयमा द्रुत सन्चार हुने पद्धति तयारी अवस्थामा राख्ने ।

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

### ४.५.३ रणनीति

१. स्थानीय सरकारले संकटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
३. विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
४. विपद्मा शिक्षा सेवा प्रवाहको प्रभावकारी संयन्त्र विकास पुर्व तयारि गरिनेछ।
५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।
६. विद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा संचालन गरि सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितताभएको हुने।

**नतिजा**

1. *विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।*
2. *स्रोतको व्यवस्थापनसहित आपत्कालिन अवस्थामा विद्यालय तथा शिक्षा प्रणाली तत्काल सेवा प्रवाह गर्न सक्रिय हुने।*
3. *महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने।*
4. ***हरित विद्यालयको अवधारणा र योजना कार्यान्वयन मार्फत सबै विद्यालयको सिकाई र भौतिक वातावरण वातावरण मैत्री बनाउने ।***

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी ड्रिल र सिमुलेसन अभ्यासका कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | ० | ० | ५ | ८ | ६ | १९ |

विश्वेश्वर प्रसाद यादव
न.पा. अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हरित विद्यालय सँख्या | ० | ० | २ | ४ | ६ | १९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने योजना तयार गरि पुर्वतयारि गारेका विद्यालय सँख्या | | १ | २ | ५ | ९ | १९ |

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | १ | २ | २ | संघ/प्रदेश/गाउँ पालिका |
| २ | हरित विद्यालय, विपद् पुर्व तयारी, आपत्कालिन अवस्थामा शिक्षाको निरन्तरताका बिसयमा स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम, अभिमुखिकरण र कार्यशाला सन्चालन | संख्या | | | १<br>८ | | २<br>२ | | ४० | गाउँ पालिका |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | | | | | | | | | |
| ४ | शिक्षक तथा विव्यस लाई आपत्कालिन शिक्षा र हरित विद्यालयका साथै विपद् जोखिम न्युनिकरण तालिम सन्चालन गर्ने | | | | | | | | | |
| ५ | विपद प्रतिरोधी भौतिक पुर्वाधार भएका विद्यालय सँख्या सुनिश्चित गर्न भौतिक सुधार कार्यक्रम | संख्या | | २ | २ | २ | २ | ८ | १८ | संघ/प्रदेश/गाउँ पालिका |
| ६ | समदुायमा द्रुत सचूना तथा सञ्चार प्रवाह गर्ने प्रविधिको विस्तार | प्रतिशत | | | १<br>० | | २<br>० | ३० | ६० | |
| ७ | विद्यालयमा सोलार प्रविधि जडान गर्ने | संख्या | | १ | ५ | ५ | ३ | १४ | २० | |
| ८ | हरेक बिद्यालय कम्तिमा दुई पोखरी निर्माण गर्ने | विद्यालय | | २ | ७ | ७ | २ | १८ | १८ | |

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्याथी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय २६ मध्ये १७ सामुदायिक तथा २ मदरसा र ७ संस्थागत विद्यालयहरु छन् जसमा सामुदायिक विद्यालय तर्फ ६९ भवन रहेकोमा पक्की भवन छन् जसमा साममुदायिक तर्फ १५३ वटा कक्षाकोठा पक्की छन् यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ३ छात्र शौचालय ३ तथा महिला शिक्षक शौचालय ३ वटा छन् भने साभा शैचालय १४। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १८। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखिनै विषयवस्तु समावेश गरिएकोछ। पालिका भरमा ४ वटा विद्यालयमा पुस्तकालय, ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ५ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ९ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ५ विद्यालयमा स्टाफ कोठा, ५ विद्यालयमा स्टोर कोठा, ९ विद्यालयमा खेलकुद कोठा साथै १५ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। यस पालिकामा ५ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन्। अधिकांस विद्यालयमा पर्खाल सहितको घेरबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्: .

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.२ उद्देश्य

विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित पालिकाका उद्देश्यहरु

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।

### ४.६.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।

३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।

४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नाती गरिनेछ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।

६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।

७. आंसिकरुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धि*

१. सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू*

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार

२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।

४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

५. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुने।

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड विकास र स्वीकृति | पटक | | | १ | | | १ | | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार गर्ने | पटक | | | | १ | | १ | | गाउँपालिका |
| ३ | कक्षा कोठा निर्माण | विद्यालय सङ्ख्या | | | २ | २ | २ | २ | १९ | गाउँपालिका |
| ४ | शौचालय निर्माण | निरन्तर | | | | | | | निरन्तर | संघ/प्रदेश/गाउँपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | निरन्तर | संघ/प्रदेश/गाउँपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | | | | | | | गाउँपालिका आपतकालिन कोष |
| ७ | प्रयोगशाला भवन निर्माण र सुधार | संख्या | | १ | १ | १ | १ | ४ | | |
| ८ | घेरावार र गेट निर्माण र मर्मत | | २ | २ | ३ | ३ | २ | १२ | | |
| ९ | खानेपानी निर्माण | | १ | | ४ | २ | २ | ९ | | |
| १० | फर्निचर निर्माण तथा मर्मत | बिधालय | ३ | ३ | ४ | ४ | ४ | १२ | | |
| ११ | बालविकास कक्षा कोठा निर्माण मर्मत | बा.बि.केन्द्र | | | २ | २ | ३ | ७ | | |
| १२ | स्तन कक्ष निर्माण | बिधालय | | | | | | | | |

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सोनमा, मधेश प्रदेश, २०७३

### परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेकोछ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्यानइ डिजिटल भिन्नता कमगर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनुपर्दछ।

### ४.७.१ वर्तमान अवस्था

यस पालिकाले आ.ब.२०७५/०७६ मा १ वटा विद्यालयलाई विद्युत्तीय पुस्तकालय स्थापनार्थ आर्थिक तथा प्राविधिक सहयोग गरेको थियो साथै यस पालिकामा वैकल्पिक उर्जाको प्रविधिक सहयोगमा मिदास ई-क्लास जडान भइ सञ्चानलनमा आएका थिए। हाल मल्टिमिडिया समेतको सुविधा भएका स्मार्ट वोर्ड भएको २ विद्यालय छन्। सोनमामा सबै विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः ५, ४ र १५ वटा रहेका छन्। यस पालिकामा ५ वटा विद्यालयका १० जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने प्राय अधिकांस शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ-

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्ने।

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

२. विस्तार गरिएका ई पुस्तकालयलाई प्रभावकारी रुपमा-कार्यान्वयन गर्न।

३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।

४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।

५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।

६. पालिका भरिका सबै विद्यालयलाई डिजिटलईजेशन गर्ने ।

७. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चागलन गर्न सरोकारवालको सक्रियता बढाउने।

### ४.७.२ उद्देश्य

*विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित पालिकाका उद्देश्यहरु*

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

२. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्यावउने।

३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु*

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गर्ने।

२. शिक्षकहरूको क्षमता विकास गरी शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।

४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।

५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कनपद्धतिको विकास गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्याउने ।

७. विद्यालयको समग्र शिक्षण, परिक्षण, मुल्याङ्कन, व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।

८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।

९. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।

१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

११. हरेक विद्यालयका विद्यालय सुधार योजना, सामाजिक परिक्षण र गुनासो सुनुवाई प्रणालिलाई डिजिटलाईजेशन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धि*

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधारल्याइ सुशासन प्रवर्धन हुने।

**नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना सञ्चालन हुने।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीलेभिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको प्रयोगले सिक्ने अवसर प्राप्त गरेकोहुने।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक विद्यालयमा डिजिटल सिकाई चौतारी निर्माण गर्ने।
६. शिक्षकहरूको क्षमता विकास गरी शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | ४ | ४ | ४ | ४ | १६ | २० | संघ/प्रदेश/ गाउँपालिका |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | १ | २ | ४ | |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | | ४ | ४ | ४ | ४ | १६ | २० | संघ/प्रदेश/ गाउँपालिका |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | | ३ | ४ | ४ | ४ | १५ | १९ | गाउँपालिका |
| ५ | विद्यार्थीहरुको अगुवाईमा डिजिटल नव प्रवर्तन कार्यक्रम सन्चालन | विद्याल य | | १ | २ | ३ | ० | ६ | १८ | संघ/प्रदेश/ गाउँपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | | | ५ | ७ | ६ | १८ | १८ | गाउँपालिका |
| ७ | शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाको सहभागितामा डिजिटल चौतारी कार्यक्रम सन्चालन | संख्या | | | ३ | २ | ३ | १० | २० | गाउँपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास (तालिम, कार्यशाला, वैठक सम्मेलन सन्चालन) | निरन्त र | | | | | | | | गाउँपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको उपकरण सहयोग | निरन्त र | | | २ | १ | १ | ४ | | गाउँपालिका |

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

# परिच्छेद ५

## सुशासन तथा व्यवस्थापन

नगर कार्यपालिकाको कार्यालय, बौलाहा, मधेश प्रदेश, २०७४

**परिचय**

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु निणर्य कार्यान्वयन कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्ङ्कसन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ।

यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चाकलन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन मूल्याङ्ङ्कथन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्रासिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कलन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

विशेश्वर प्रसाद यादव
प्र.अ. अध्यक्ष



CamScanner

## ५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् । नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रबन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ। स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन्:

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु

२. शिक्षक पेशागत विकासकोप्रणाली स्थापना र विस्तार गर्नु।

३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।

४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने



CamScanner

५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।
७ विद्यालय सुधार योजना सहभागितामुलक बिधिले तयार गर्ने ।
८ यस पालिकामा शिक्षा क्षेत्रमा काम गर्ने सम्पुर्ण सरोकारवालाहरुको एकीक्रित कार्यसन्चालन र अभिलेखिकरण प्रणाली स्थापना र कार्यान्वयन गर्ने ।

## योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह :

१. सोनमा गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. सोनमा गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. सोनमा गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार सोनमा गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. सोनमा गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. सोनमा गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा संचालन गर्ने।

## विद्यालय :

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

किशोर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने ।

४. विद्यालयले वित्तीय व्यवस्थापन खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयलेविद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र :**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चाइलन गर्न व्यवस्थापन समिति गठन गर्ने।

२. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

३. साले विषयगत स्थानीय तहका इकाइहरू समुदाय .के.सि., गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

**विषयगत समितिः**

यस योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्राबिधिक पाटोको अनुगमन, लेखाजोखा र सुझाव दिने र कार्यान्वयनका लागि निम्नलिखित समिति गठन गरि परिचालन गरिने छ ।

१. आधारभुत सिकाई विषयगत समिति बा).बि.के. देखि कक्षा ५ सम्म(

२. भाषा सिकाई विषयगत समिति नेपाली), अंग्रेजी, मात्रिभाषा(

३. सामाजिक र सिप बिकास सिकाई विषयगत समिति सामाजिक), आर्थीक, जिवनोपयोगी, व्यवसायिक, प्राविधिक सिप(

४. विज्ञान, गणित, प्रबिधि, जलवायु र आपत्कालिन सिकाई विषयगत समिति

**विषयगत समितिको भुमिका**

- विषयगत मापदण्ड, निति, योजना र कार्यकरम कार्यान्वयनको लेखाजोखा गर्ने
- विषयगत मापदण्ड, निति, योजना र कार्यकरम कार्यान्वयनको लागि सहजीकरण गर्ने
- विषयगत मापदण्ड, निति, योजना र कार्यकरम कार्यान्वयनको लागि प्राविधिक पाटोको सुधारका लागि सुझाव प्रदान गर्ने
- विषयगत मापदण्ड, निति, योजना र कार्यकरम कार्यान्वंयनको लागि प्राविधिक पाटोको सुधारका लागि दियको सुझावको प्रगति अनुगमन गर्ने ।



CamScanner

*रणनिति*

*यस शिक्षा योजनाको कार्यान्वयन मार्फत अपेक्षित उपलब्धि हासिल गर्नका लागि निम्न लिखित रणनिति अवलम्वन गरिने छ ।*

१. यस योजनाको बजेट लाई हरेक वर्षको बार्षिक निति र बजेटमा समाबेस गरिने छ ।
२. यस योजनाको हरेक मापदण्ड, निति, योजना र कार्यक्रमको अनुगमनलाई उपाध्यक्षको नेत्रित्वमा हुने योजना अनुगमन समितिको माताहतमा नियमित अनुगमन र तेस्को प्रगति डिजटलाईज्ड गर्ने ।
३. विद्यालय सुधार योजना, सामाजिक परिक्षण, गुनासो सुनुवाई प्रणाली र बजेट अनुगमनलाई डिजिटलाईज गर्ने ।
४. सम्बन्धित सरोकारवालाको सहभागितामा यस योजनाको अर्धवार्षिक समिक्षा गर्ने त्यसका आधारमा सुधार र संसोधन गर्ने।
५. सरोकारवालाको सहभागितामा योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणालीलाई सक्रिय गराउने ।
६. यस योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायको सक्रिय सहभागिता सुनिश्चित गरिने छ ।

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | मापदण्ड, निति, योजना र कार्यक्रमको लेखाजोखा र संसोधन | पटक | | | २ | २ | २ | ६ | १० | गाउँपालिका |
| २ | विषयगत समिति गठन र परिचालन निर्देशिकाको आधारमा परचालन गर्ने | पटक | | १ | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका |
| ३ | विसुयो, सामाजिक परिक्षण, अनुगमन र गुनासो सुनुवाई डिजिटलाईजेशन | विद्यालय सङ्ख्या | | ४ | ८ | १८ | १८ | १८ | १८ | गाउँपालिका |
| ४ | त्रैमासिक समिक्षा बैठक | पटक | | १ | ४ | ४ | ४ | ४ | ४ | संघ/प्रदेश/गाउँपालिका |
| ५ | पालिका अनुगमन | विद्यालय | | २ | १८ | १८ १८ | १८ | १८ | १८ | संघ/प्रदेश/गाउँपालिका |
| ६ | भैपरि कार्यक्रम अनुगमन र सन्चालन | संख्या | | | ५ | ५ | ५ | ५ | १० | गाउँपालिका आपतकालिन कोष |

किशोर प्रसाद यादव
गा.पा. अध्यक्ष

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

गाउँ कार्यपालिकाको कार्यालय, सोनमा, मधेश प्रदेश, २०७४

## परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छादक्ष सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चा लनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### ६.१ वर्तमान अवस्था

सोनमा गाउँपालिकाको शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्नी सकिन्छ। नेपालका सबैजसो राजनीतिक



विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छः

१. १.शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि रदिगो स्रोत व्यवस्थापन गर्ने।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड रवित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामालगानीको लागि जिम्मेवार बनाउने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन रस्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमाविकास गर्ने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धताकार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसकोदिगोपना सुनिश्चित गर्ने।

६. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चाललन गर्नआवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथानिरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्ने। (प्राथमिकता र प्रतिशत)

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरीलगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्नकठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता रगुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने

११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

## ६.२ उदेश्य

उद्देश्य योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।



CamScanner

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।
५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रियाउपयुक्त प्रस्तुत गर्नु र (प्रतिवेदन पद्धति) जवाफदेहिता स्पष्ट गर्नु।

## ६.३ रणनीति

१. संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानिय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुंच, सहभागिता एवम गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने ।
३. श्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेहि बनाइने,
४. वार्षिक रुपमा कुल बजेटको 20% प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने,
५. शिक्षामा निजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने,
६. मापदण्डका आधारमा खर्च तथा प्रतिवेदन पद्धती अवलम्बन गरिने,
७. वित्तिय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तिय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तर दायित्वलाई सवल बनाइने,
८. सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ।

## ६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि :

**प्रमुख उपलब्धि**

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर, र क्षमता विकासमा उल्लेखिय प्रगति भएको हुने,
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तिय कुशलता, पारदर्शिता जिम्मेवारी र उत्तरदायित्व सुद्धिढ आर्थिक हुने।

**नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
४. निजी शिक्षण संस्थाहरुले सार्वजनिक सेवा ,सामाजिक दायिकता र सेवामुलक व्यवसायको रुपमा विद्यालय संचालन गरेको हुने ।
५. स्रोत व्यवस्थापन र परिचालनमा समुदाय र गैरसरकारी संघसंस्थाहरुसंगको साझेदारी विकास भएको हुने ।
६. सबै शिक्षण संस्थाहरुको आर्थिक तथा सामाजिक लेखा परिक्षण भएको हुनेछ ।

## ६.५ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (पहिलो पाँच वर्षको अनुमानित बजेट)

| क्र.स. | शिक्षा योजनाका उप-क्षेत्रहरु | प्रस्तावित/अनुमानित बजेट (रु.लाखमा ) | संघीय सरकारबाट प्राप्त अनुदान अनुमानित बजेट (%) | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित बजेट (%) | स्थानीय सरकारबाट प्राप्त हुने अनुमानित बजेट (%) | गैरससबाट प्राप्त हुने अनुमानित बजेट (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९९ | ६५% | ५% | २० | १०% | |
| २ | आधारभूत शिक्षा | ५३ | ६५% | ५% | १५% | १५% | |
| ३ | माध्यमिक शिक्षा | ७० | ७०% | ५% | २०% | ५% | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ४५ | ६०% | १०% | ३०% | | |
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ९ | ६०% | ५% | १५% | २०% | |
| ६ | पाठ्यक्रम, पाठ्य पुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | २२ | ७०% | | २०% | १०% | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २५ | | ५% | ९५% | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | १६ | ६०% | ५% | १५% | २०% | |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | १८ | ९५% | | ५% | | |
| १० | आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा | ४० | १०% | ५% | २५% | ६०% | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ८० | १०% | ५% | १५% | ७०% | |
| १२ | विद्यालयमा सूचनातथा सञ्चार प्रविधि | ६० | ७०% | | ३०% | | |
| १३ | संस्थागत क्षमता विकास | १० | ६०% | ५% | २५% | १०% | |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ५ | ६०% | | ३०% | १०% | |
| १५ | लगानी तथा स्रोत व्यवस्थापन | ५ | १०% | | ८०% | १०% | |
| १६ | अनुगमन तथा मुल्यांकन | २० | ६०% | | ४०% | | |
| | कुल जम्मा अनुमानित बजेट (रु.लाखमा ) | ५७७ | | | | | |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ५७७ लाख नेपाली रुपैया आवश्यक देखिन्छ जसमा शिक्षक, कर्मचारी तथा सहजकर्ताको कुनैपनि पारिश्रमिक जोडिएको छैन।

# परिच्छेद ७

## अनुगमन तथा मूल्याङ्कन

### परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, सोनमा गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसको लागि हाल

प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु ।
- अनुगमनलाई योजनाबद्ध,नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु ।
- अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु ।
- शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।
- तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।
- सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष,भरपर्दो र विश्वसनीय बनाउनु ।

## ७.२ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

## ७.३ रणनीति

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने ।

### नतिजा

अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तालिका ७.५ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य*

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | बजेट नेरु हजारमा | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | | १ | ० | ० | ० | | २५ | २५ | | | ५० | १ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरुमा आधारित प्रतिबेदन र | पटक | ० | १ | २ | २ | २ | | | १०० | | | १०० | २ | स्थानीय तह |

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिलेख डिजिटलाईज्ड स्वरुपमा अध्यावधिक गर्ने | | | | | | | | | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | विद्यालय | ० | १ | १८ | १८ | १८ | | १५ | १०० | १५० | १५० | ४१५ | १८ | स्थानीय, प्रदेश र संघ |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समिक्षा र प्रतिवेदन बा/चौमासिक) (र्षिक | पटक | ० | १ | ३ | ३ | ३ | | २० | ९० | ९० | १०० | ३०० | ३ | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | ० | ० | ० | ० | ० | ० | १२ | विद्यालय |
| ६ | विद्यार्थीको सिकाई उपलब्धिको वर्तमान अवस्था र सुधार सङ्ग सम्बन्धित मूल्याङ्कन गर्ने | पटक | ० | १ | २ | २ | २ | | ५० | १०० | १०० | १०० | ३५० | ७ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | | | १०००० | १०००० | १०००० | ३०००० | ४ | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | | | ३०० | ३०० | ३०० | ९०० | ५ | स्थानीय तह र विद्यालय |
| ९ | विद्यालयको सामाजिक परीक्षण | विद्यालय | ० | १८ | १८ | १८ | १८ | | | १८० | २५० | ३०० | ६३० | १८ | |
| १० | सहभागितामिलक संयुक्त अनुगमन गर्ने | विद्यालय | ० | १ | ८ | १८ | १८ | | २५ | ७५ | १०० | १८० | ३८० | १८ | |
| ११ | शिक्षाका विभिन्न सवालमा | पटक | ० | १ | ४ | १८ | १८ | | १० | ५० | ७५ | ७५ | २१० | २१ | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक बहस र अन्तरक्रिया गर्ने | | | | | | | | | | | | | | |
| ११ | निरन्तर विद्यार्थी मुल्याङ्कन | विद्यालय | | | ५ | १८ | १८ | १८ | | १५० | ५०० | ५०० | ११५० | | |
| | जम्मा | | | | | | | | | | | | | | |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप,(२०६३(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप,(२०७१(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप,(२०७६(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,(२०७६(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर आधारभूत शिक्षा पाठ्यक्रम,(२०६९(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -१कक्षा )३पाठ्यक्रम (,(२०७६(,पाठ्यक्रम विकास केन्द्र भक्तपुर शैक्षिक स्मारिका (२०७५),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर शैक्षिक
- स्मारिका (२०७७),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२),कानून किताव खाना काठमाडौं
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६),कानून कितावखाना काठमाडौं
- आर्थिक सर्वेक्षण (२०७७),अर्थ मन्त्रालय
- पन्ध्रौं योजनाको आधारपत्र,सोपान मासिक डिल्लीवजार स्थानीय सरकार सञ्चालन ऐन (२०७४),कानून कितावखाना काठमाडौं
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४),शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन,पत्रपत्रिका,नीति,निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७),DRAFT,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय


विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष

## अनुसूची १

## स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश

पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा योजना निर्माण प्रक्रिया

**परिच्छेद १ : परिचय**

१.१ पृष्ठभूमि

१.२ मुख्य समस्याहरुः

१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः

१.४ अवसरहरुः

**परिच्छेद २ : लक्ष्य निर्धारण**

२.१ दूरदृष्टि

२.२ लक्ष्य

२.३ उदेश्य

२.४ रणनीतिहरु

२.५ कार्यनीति

२.६ अपेक्षित उपलब्धि

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

विशेश्वर प्रसाद यादव
गा.पा. अध्यक्ष



CamScanner

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

विषयगत समिति

आधारभुत सिकाई विषयगत समिति (बाबिके देखि कक्षा ५ सम्म)

१. आधारभुत तहका शिक्षक मध्यबाट पालिकाले छानेको भाषा विषयको शिक्षक संयोजक
२. सबै विद्यालयको प्रतिनिधीत्व हुने गरि सम्वन्धित विषयको एक/एक जना शिक्षक सदस्य
३. प्राविधिक सहयोग गर्ने संस्था मध्यबाट ३ जना सदस्य
४. पालिकाको शिक्षा शाखाको प्राविधिक सहायक वा तोकिएको १ जना सदस्य सचिव

भाषा सिकाई विषयगत समिति (नेपाली, अंग्रेजी, मात्रिभाषा)

१. नेपाली, अंग्रेजी, मात्रिभाषाका शिक्षक मध्यबाट पालिकाले तोकेको १ जना संयोजक
२. सबै विद्यालयको प्रतिनिधीत्व हुने गरि सम्वन्धित विषयको एक एक जना शिक्षक सदस्य
३. प्राविधिक सहयोग गर्ने संस्था मध्यबाट ३ जना सदस्य
४. पालिकाको शिक्षा शाखाको प्राविधिक सहायक सदस्य सचिव

सामाजिक र सिप विकास सिकाई विषयगत समिति (सामाजिक, आर्थीक, जिवनोपयोगी, व्यवसायिक, प्राविधिक सिप)

१. सामाजिक शिक्षक मध्यबाट पालिकाले तोकेको १ जना संयोजक
२. सबै विद्यालयको प्रतिनिधीत्व हुने गरि सम्वन्धित विषयको एक एक जना शिक्षक सदस्य
३. प्राविधिक सहयोग गर्ने संस्था मध्यबाट ३ जना सदस्य
४. पालिकाको शिक्षा शाखाको प्राविधिक सहायक वा तोकिएको १ जना सदस्य सचिव

विज्ञान, गणित, प्रविधि, जलवायु र आपत्कालिन सिकाई विषयगत समिति

१. विज्ञान वा प्रविधिका शिक्षक मध्यबाट पालिकाले तोकेको १ जना संयोजक
२. सबै विद्यालयको प्रतिनिधीत्व हुने गरि सम्बन्धित विषयको एक एक जना शिक्षक सदस्य
३. प्राविधिक सहयोग गर्ने संस्था वा प्रविधि विशेषज्ञ मध्यबाट ३ जना सदस्य
४. पालिकाको शिक्षा शाखाको प्राविधिक सहायक वा तोकिएको १ जना सदस्य सचिव